सूचनाः

ती मानिसहरूको लागि जसले आर्थिक सुविधाहरू निम्ति आवेदन गरिरहेका छन्

[उदाहरणार्थ, 3 स्क्वायर्स भी टी (3SquaresVT), एसेन्सियल पर्सन (Essential Person), ईंधन सहायता, आम/सङ्कटकालीन सहायता, स्वास्थ्य बीमा, अनि रिच अप (Reach Up)]

उचित समयमा फैसलाको अधिकार

तपाईंको आवेदन (कुनैपनि समीक्षा लगायत)-को सम्बन्धमा **30 दिनहरूभित्र** फैसला प्राप्त गर्ने तपाईंसित अधिकार छ — तर यसका निम्न अपवादहरू छन्:

- यदि तपाईंले विकलाङ्गता-आधारित मेडिकेड (Medicaid) अर्थात् चिकित्सा सहायताको लागि आवेदन गरिरहनुभएको छ भने, यस सम्बन्धमा फैसला लिनको लागि ESD अर्थात् आर्थिक सेवा विभागासित 90 दिनहरू हुनेछन्।

- यदि तपाईं वा जाँचकर्त्ता चिकित्सकले गर्दा अबेर भइरहेछ भने, ESD अर्थात् आर्थिक सेवा विभागलाई 30 दिनहरूभन्दा बढ़ी समय लाग्नसक्छ।

टिप्पणी: *यदि तपाईंले 3 स्क्वायर्स भी टी वा आम/सङ्कटकालीन सहायताको लागि आवेदन गर्नुहुन्छ भने, यस सम्बन्धमा 7 देखि 10 दिनहरूभित्र फैसलाको तपाईं हकदार हुन सक्नुहुन्छ। यस्तो त्वरित कार्यवाही निम्ति आफ्नो पात्रताको बारेमा सोध्नुहोस्।*

आफ्ना अधिकारहरूको उपयोग कसरी गर्नु

1) यदि तोकिएको समयभित्र तपाईंको आवेदनको सम्बन्धमा फैसला लिइएन; वा 2) यदि तपाईंका सुविधाहरू बन्द हुनैआँटेका छन्; वा 3) यदि तपाईं फैसलासित सहमत हुनुहुँदैन भने, तपाईंले:

- निष्पक्ष सुनुवाइको अनुरोध गर्नको लागि आर्थिक सेवा विभाग (Economic Service Division)-लाई **1-855-247-3092**-मा फोन गर्न सक्नुहुन्छ।

- कानूनी सल्लाह अनि सहायता निम्ति भर्मण्ट कानूनी सहायता (Vermont Legal Aid)-लाई **1-800-889-2047**-मा फोन गर्न सक्नुहुन्छ।

VERMONT
DEPARTMENT FOR CHILDREN AND FAMILIES
ECONOMIC SERVICES DIVISION